प्रतिदिन १६औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

वर्ष-१६ । । अङ्क : १३८ ॥ २०८१ असार १४ गते शुक्रबार (28th Jun 2024 Friday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

**बालबालिकाप्रति अभिभावकको भूमिका**

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सिद्धार्थकी कुशिकाले मात्र ल्याइन् ४ जीपीए

झापा(प्रस) । यस वर्षको एसईई परीक्षामा झापाबाट एकजना विद्यार्थीले मात्र ४ जीपीए ल्याएका छन् । सिद्धार्थ बोर्डिङ स्कुल दमककी छात्रा कुशिका बस्नेतले ४ जीपीए ल्याएकी हुन् । कमल गाउँपालिका ५ पाडाजुँगीकी कुशिकाले दमकको सिद्धार्थ बोर्डिङ स्कुलबाट एसईई दिएकी थिइन् । उनी सो विद्यालयमा कक्षा २ देखि अध्ययनरत रहेको पारिवारिक स्रोतले जनाएको छ ।

बुझ्ने भएदेखि नै आफू एमबीबीएस पढ्छु भन्ने कुशिकालाई जसरी भए पनि चिकित्सा शिक्षा पढाउने बुवाआमाको इच्छा छ । २०६५ साउन ४ गते जन्मिएकी उनले एकपटक सेन्ट जेभियर्स कलेजमा प्रवेश परीक्षा दिने र नभए आफूले एसईई उत्तीर्ण




गरेको सिद्धार्थमै पढ्ने बताइन् । झापाबाट एकजनाले मात्र ४ जीपीए ल्याएको शिक्षा विकास तथा समन्वय एकाई झापाले जनाएको छ ।

झापामा यस वर्षको एसईईमा ७ हजार ३२५ जना परीक्षार्थी उत्तीर्ण भएका छन् । जुन ४७.३७ प्रतिशत हो ।एसइईमा झापाबाट कुल १५ हजार ४६२ जना परीक्षार्थी सहभागी थिए । ८ हजार १३७ जना विद्यार्थी नन ग्रेडिङ (असफल) मा परेका छन् । दुई विषयमा अनुत्तीर्ण परीक्षार्थी समेत नन ग्रेडिङमा गणना गर्दा ८ हजार १३७ जना असफल भएका हुन् । तीमध्ये दुई विषयमा फेल भएका उनीहरूले साउन १८ र १९ गते मौका परीक्षा दिन पाउने शिक्षा विकास तथा समन्वय एकाई झापाले जनाएको छ । झापामा ३.४ देखि ४ जिपिएसम्म ल्याउने ७४७ जना, ३.२ देखि ३.६ सम्म ल्याउने २ हजार ४५८ जना, २.८० देखि ३.२० सम्म ल्याउने २ हजार ९७२ जना, २.४० देखि २.८० सम्म ल्याउने १ हजार १०३ जना र २.० देखि २.४० सम्म ल्याउने ४५ जना रहेका छन् । गत चैत १५ गतेदेखि सुरु भएको एसईईमा देशभर नियमिततर्फ ४ लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी भएका थिए।

परीक्षामा सहभागी भएका विद्यार्थीमध्ये ४७.८६ प्रतिशत विद्यार्थीमात्रै उत्तीर्ण भएको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए। उनका अनुसार ५२.१४ प्रतिशत विद्यार्थीले एनजी अर्थात हाल अनुत्तीर्ण भएका छन्। नियमिततर्फ दुई लाख ४२ हजार ९२ जना विद्यार्थी मात्रै उत्तीर्ण भएका हुन्। ननग्रेडमा २ लाख ४२ हजार ३१३ जना रहेका छन्।

# मोहनमाया सर्वोत्कृष्ट भएको दावी



झापा(प्रस)।गत वर्षको एसईई परीक्षामा देशकै उत्कृष्ट १५ मा पर्न सफल बिर्तामोडको मोहनमाया माध्यमिक विद्यालयले यस वर्ष सर्वोत्कृष्ट भएको दावी गरेको छ । गत वर्ष देशकै उत्कृष्ट १५ मा परेकोमा यस वर्ष संभवतः १ नं मा आउन सफल भएको विद्यालयका प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले बताए । शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको उत्कृष्ट विद्यालयको मापदण्ड बमोजिम सामुदायिक विद्यालयतर्फ ३.२० जीपीए वा सोभन्दा माथि ९२ जना अर्थात ६२.५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराइएको उनले जानकारी दिए ।

३.६०भन्दा माथि जीपीए आउने विद्यार्थीको संख्या २४.४९ प्रतिशत रहेको र यो नतिजासमेत जिल्लामा प्रथम हुन सक्ने दावी गरिएको छ ।

मोहनमायामा अध्ययनरत् विद्यार्थीमध्ये ३.६० देखि ४ जीपीए ल्याउने ३६ जना, ३.२० देखि ३.६० ल्याउने ५६ जना, २.८० देखि ३.२० ल्याउने २३ जना र २.४० देखि २.८० ल्याउने ७ जना छन् । ननग्रेडिङका विद्यार्थी २५ जना रहेको र त्यसमध्ये ग्रेडवृद्धिमा २० जना सहभागी हुने बताइएको छ ।

# रुसी सेनामा कार्यरत एक नेपाली युवाको मृत्यु



झापा(प्रस) । तनहुँको आँबुखैरेनी गाउँपालिका-५ भोटेश्वारा घर भई हाल रुसी सेनामा भर्ना भएका एक युवकको मृत्यु भएको छ । सात महिना अगाडि रुसी सेनामा भर्ना भएका रन्जित गुरुङको केही दिन अगाडि मृत्यु भएको हो ।

रुसी सेनामा भर्ना भएका गुरुङकै साथीले उनका परिवारलाई फोन गरेर उनको मृत्यु भएको जानकारी गराएको छिम्केश्वरीस्थित कन्यादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले जानकारी दिए । उनले भने, "सात महिना अगाडि रुसी सेनामा भर्ना भएका गुरुङ १५ दिनदेखि परिवारसँग सम्पर्कविहीन हुनुहुन्थ्यो । त्यसअगाडि भने परिवारसँग कुराकानी भइरहेको थियो ।" गुरुङका साथीले आफूहरु द्वन्द्वग्रस्त क्षेत्रमा जाँदा उक्त घटना भएको बताएको गुरुङले उल्लेख गरे । "फोन गर्ने व्यक्तिले म पनि घाइते भएको छु भनेर रञ्जितका परिवारलाई जानकारी गराएका छन्", गुरुङले भने । स्थानीय टेकबहादुर गुरुङले घटनाबारे जानकारी पाएपछि गाउँ शोकमा डुबेको जानकारी दिए ।

उनले भने, "घटना सुनेदेखि सबै शोकमा हुनुहुन्छ । उहाँ एकदमै मिलनसार हुनुहुन्थ्यो । सोच्नै नसक्ने घटना भएको छ ।"

आँबुखैरेनी गाउँपालिका-५ का वडाध्यक्ष सन्तोष गुरुङले उक्त घटनाले आफूहरुलाई स्तब्ध तुल्याएको उल्लेख गरे। उनले भने, "मेरो वडाले एक होनहार युवा गुमाएको छ ।" रुसी सेनामा भर्ना भएका तनहुँका नौ जना परिवारको सम्पर्कमा छैनन् ।

जिल्ला प्रशासन कार्यालय तनहुँमा रहेको आप्रवासी स्रोत केन्द्रका अनुसार जिल्लाका नौ जना युवा रुसी सेनामा भर्ना भएको र आफन्तको सम्पर्कमा नरहेको भन्दै निवेदन परेको छ ।

# ब्राउनसुगरसहित शिवसताक्षीका तामाङ पक्राउ



झापा(प्रस) । प्रतिबन्धित लागूऔषध ब्राउनसुगरसहित झापाको शिवसताक्षीमा एकजना पक्राउ परेका छन् । बुधवार साँझ ६:४० बजेको दमक वडा न. १ घर भई शिवसताक्षी नगरपालिका १० टेक्रा बस्ने बर्ष अन्दाजी २६ का प्रदिप तामाङ ब्राउनसुगरसहित पक्राउ परेका हुन् । लागूऔषध बेचबिखन गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी टोली खटिगई उनको घर खानतलासी गर्दा घरभित्र २ ग्राम ८७ मिलिग्राम ब्राउनसुगर र नगद २० हजार ४२० रुपैयाँ फेला पारेको थियो । उनलाई इलाका प्रहरी कार्यालय झिलझिलेमा ल्याई आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# पानीमा डुबेर एकजनाको मृत्यु, दुईजना बेपत्ता

झापा(प्रस) । झापामा पानीमा डुबेर एकजनाको मृत्यु भएको छ भने दुईजना बेपत्ता भएका छन् । पानीमा डुबेर शिवसताक्षी २ बस्ने २८ वर्षीय बुधे बेम्राको मृत्यु भएको हो । घरको पूर्वपट्टी खेतमा जमेको पानीमा डुबेर उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिश बुढाथोकीले बताए । घरबाट निस्केका बेम्रालाई बिहीवार बिहान पानीमा डुबेर मृत अवस्थामा देखेपछि उनकी आमाले स्थानीयलाई खबर गरेकी थिइन् । मादक पदार्थ सेवन गर्ने गरेका बेम्रा छारे रोगका बिरामीसमेत रहेका थिए ।

त्यस्तै गौरीगञ्ज वडा न.१ स्थित कमल खोलाले बगाउँदा एकजना बेपता भएका छन् । बेपता हुनेमा वडा न.१ ढेबुबस्तीका ढेबु मुर्मूका अन्दाजी ४० वर्षका छोरा लखीराम मुर्मू रहेको गौरीगञ्ज वडा न. १ का



अध्यक्ष कात्तिकलाल राजवंशीले बताए ।

बिहीवार दिउँसो ४ बजे ढेबुबस्तीनजिकै रहेको कमल खोला तर्ने क्रममा उनलाई खोलाले बगाएको वडा अध्यक्ष राजवंशीले बताए । जनपद प्रहरी , सशस्त्र प्रहरी तथा स्थानीयको सहयोगमा खोलामा खोजी कार्य जारी रहेको र हालसम्म पनि फेला नपरेको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक बुढाथोकीले बताए ।

त्यस्तै बुधवार साँझदेखि बेपत्ता भएका गौरीगञ्ज गाउँपालिकाका एक किशोरको अवस्था अझै अज्ञात छ।

कमल बनियानी खोलाले बुधवार साँझ खोला तर्ने क्रममा बेपत्ता भएका किशोरको अवस्था अज्ञात रहेको गौरीगञ्ज १ का वडा अध्यक्ष राजवंशीले बताए । उनले भने,'नेपालतर्फको भूभागमा पर्ने खोलाको दुवै किनार खोज्ने काम सकिएको छ । तर उनको अवस्था अझै अज्ञात छ।' खोजीका लागि इलाका प्रहरी कार्यालय झिलझिले, प्रहरी चौकी कुञ्जीबारी, प्रहरी चौकी महाभारा, इलाका प्रहरी कार्यालय शिवगञ्ज, सशस्त्र प्रहरी र स्थानीय लागिपरेका छन्। स्थानीयका अनुसार बेपत्ता किशोर सकुशल अवस्थामा फेला पर्न सक्ने सम्भावना कम रहेको छ । गौरीगञ्ज वडा नं १ स्थित कमल बनियानी खोलाले बगाउँदा वडा नं १ झोलुंगे टोलका वेद बिकका १३ बर्षिय छोरा मिलन बिक बेपत्ता भएका हुन् । बुधवार साँझ ६ बजेतिर साथीहरुसँग खोला तर्ने क्रममा ती किशोरलाई खोलाले बगाएको थियो । साथीसँग गोल खेलेर फर्कने क्रममा अन्य सात - आठ जना साथीसँग उनी खोलामा पौडी खेल्न पसेका थिए। सोही क्रममा उनलाई खोलाले बगाएको प्रारम्भिक अनुसन्धानबाट देखिएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक बुढाथोकीले बताए ।

# झापामा नेपाली सेनाको एनसीसी तालिम सुरु

• **विनोद सापकोटा**

झापा । झापामा नेपाली सेनाले विद्यालयस्तरीय राष्ट्रिय सेवा दल (एनसीसी) तालिम सुरु गरेको छ ।

चारआलीस्थित नेपाली सेनाको अरिदमन गणले जिल्लाका सामुदायिक र संस्थागत गरी ८ वटा विद्यालयमा उक्त तालिम सञ्चालन गरेको हो । बिहीवार एकैदिन विद्यालय हातामा पुगेर ती विद्यालयमा अरिदमन गणका गणपति कर्नेल प्राजु बस्न्यातले तालिमको उद्घाटन गरेका छन्। पहिलो पटक ५० व्याच जुनियरतर्फको एनसीसी तालिम शुरु भएको हो । उद्घाटन भएका विद्यालयमा असार १४ देखि तालिम सुरु हुने नेपाली सेनाको चारआलीस्थित अरिदमन गणका सेनानी नरेन्द्रप्रसाद खतिवडाले जानकारी दिए । सिनियरतर्फको तालिम साउन १ गतेलाई तोकिएको छ । तोकिएको कार्यक्रम फेरबदल पनि हुन सक्ने गणले जनाएको छ ।

गणले जुनियर डिभिजन तालिमका लागि जिल्लाको शिवसताक्षी नगरपालिकास्थित



झिलझिले माध्यमिक विद्यालयलाई छनौट गरेको छ । झापामा सामुदायिक विद्यालयमध्ये जुनियर तालिम संचालन हुने झिलझिले मावि झापाको एक मात्र सामुदायिक विद्यालय हो । संस्थागततर्फ इष्ट होराइजन मेचीनगर, इस्ट पोइन्ट स्कुल भद्रपुर, टावर टेम्पल स्कुल बिर्तामोड र इन्स्पाइर बोर्डिङ स्कुल दमक चयन भएका छन् । यता सिनियर डिभिजनको तालिमका लागि धुलाबारी मावि मेचीनगर , जनता मावि अर्जुनधारा र झापा मोडल दमक चयन भएका थिए ।

एक सय दिनको एनसीसी तालिमअन्तर्गत ७९ दिन विद्यालयमै सञ्चालन हुनेछ भने बाँकी २१ दिनको तालिम 'क्लोज क्याम्प'का रूपमा मोरङको याङशिलास्थित राष्ट्रिय सेवा दलको पूर्वी तालिम शिक्षालयमा हुने अरिदमन गणका गणपति कर्नेल बस्न्यातले बताए । 'तालिमबाट विद्यार्थीहरु राष्ट्रप्रेम, नेतृत्व विकास, अनुशासन, जवाफदेहिता, इमान्दारिता र बफादारिताका बारेमा प्रशिक्षित हुने उनले बताए । "यसका अलावा सैन्यलगायत मानवीय

❖ बाँकी अन्तिम पृष्ठमा



# बाँस र फलफुलको बिरुवा रोप्दै जुकेखाडी




झापा(प्रस) । मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले झापाको अर्जुनधारा-३स्थित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्रमा बाँस एवम् विभिन्न फलफूलको बिरुवा रोप्न थालेको छ ।गत जेठ ४ गते सम्पन्न भएको कार्यसमितिको बैठकको निर्णय अनुसार वन्यजन्तु संरक्षित क्षेत्रको रुपमा संरक्षण गरिएको सामुदायिक वनअन्तर्गत खण्ड नं.१को 'गैंडे आहाल क्षेत्र'मा समूहले उक्त रोपण कार्य शुरु गरेको हो । समूहको आयोजना र सुरुङ्गा सब डिभिजन वन कार्यालय, सशस्त्र प्रहरी बल सुरक्षा बेस खुदुनावारी, अस्थायी प्रहरी चौकी खुदुनाबारी, शनिश्चरे बहुमुखी क्याम्पस, समूहअन्तर्गत विभिन्न टोललगायतको संयोजनमा बिहीबार समूहका अध्यक्ष मोहन श्रेष्ठले केराको बिरुवा रोपेर उक्त कार्यक्रमको उद्घाटन गरेका थिए । दुई दिनसम्म सञ्चालन हुने कार्यक्रमअन्तर्गत समूहको विभिन्न टोलबाट सञ्चालन गरिएको "एक उपभोक्ता घरधुरी एक बिरुवा" अभियानमार्फत् संकलन गरिएको बाँससँगै केरा, उखुलगायत फलफूलका बिरुवा रोपिने समूहका अध्यक्ष श्रेष्ठले जानकारी दिए । "कार्यक्रममार्फत् आहाराको खोजीमा बस्तीसम्म पुग्ने वन्यजन्तुहरुका कारण हुनसक्ने धनजनको क्षतिमा कमी हुनेछ"- अध्यक्ष श्रेष्ठले दावी गरे । त्यसैगरी अनुमानित ११.१६ हेक्टर क्षेत्रफल रहेको संरक्षण क्षेत्रमा वन्युजन्तुहरुको लागि आगामी आर्थिक वर्ष ०८१/०८२मा आहारासँगै खानेपानीको व्यवस्थापन गर्न पोखरी निर्माणको कार्य सम्पन्न गर्ने समूहको लक्ष्य रहेको छ । समूहका तत्कालीन अध्यक्ष दिव्य कट्टेलको कार्यकालमा पनि उक्त क्षेत्रमा बाँस र फलफूलका बिरुवा रोप्ने कार्य भएको समूहका लेखापाल हरि खतिवडाले जानकारी दिए । लेखापाल खतिवडाका अनुसार उक्त क्षेत्रमा हात्ती, बँदेल, मृग, बाँदर, दुम्सी आदि पाइने गरेको छ ।

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI1230003338 | अनिषा उप्रेती | शिवसताक्षी-४,झापा |

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI1230003337 | अनुराग उप्रेती | शिवसताक्षी-४,झापा |

## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**

बिर्तामोड, झापा, कोशी प्रदेश

### झापामा...

र सामाजिक सेवाका बारेमा विद्यार्थीलाई तालिम दिइन्छ", उनले भने । उनका अनुसार विषद् व्यवस्थापन, सरसफाइ तथा वातावरणलगायतका विषयमा समेत जानकारी गराइन्छ ।

झापामा यो वर्ष १ सय ८० विद्यार्थीलाई यस्तो तालिममा सहभागी गराइने गणले जनाएको छ । एउटा विद्यालयबाट छात्र १८ र छात्रा १८ गरि ३६ जना तालिममा सहभागी हुन पाउने छन् । जुनियर डिभिजनमा कक्षा ८ देखि १० सम्म तथा सिनियर डिभिजनका लागि कक्षा ११ र १२ का विद्यार्थी सहभागी गराइने उनले जानकारी दिएका छन् ।

तालिमपश्चात् विद्यार्थीमा अनुशासन, बफादारिता तथा इमानदारिता, राष्ट्रिय एकताको भावना, नेतृत्व क्षमताको विकासका लागि थप सहज हुने जनाइएको छ । यस्तै विद्यार्थीले तालिमका अवसरमा एरोविक्स, तेक्वान्दो, आइकिदो, विपद् व्यवस्थापनमा उद्धार गर्न स्वयंसेवी भूमिका तथा अन्य साहसिक तालिम पाउनेछन् । तालिममा प्रथम भएको विद्यालयका विद्यार्थीलाई विभिन्न मुलुक पठाउने गरिएको छ । यसअघि जिल्लाका एक छात्रा र एक छात्राले अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता जनाएका थिए ।

नेपाली सेनाले विद्यार्थीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले उक्त तालिम विसं २०२२ कात्तिक ७ गतेबाट सुरु गरेको थियो । राष्ट्रिय सेवा दलको तालिमबाट मुलुकभरबाट ६१ हजार ९ सय ६५ जुनियर डिभिजन र १२ हजार ५ सय १५ सिनियर डिभिजन गरी कुल ७४ हजार ४ सय ८० जना प्रशिक्षित भएका छन् ।

नेपाली सेनाले हाल देशका ७७ वटै जिल्लामा यससम्बन्धी तालिम विस्तार गर्दै वार्षिक ७ हजार ७ सय विद्यार्थीलाई तालिम उपलब्ध गराउँदै आएको छ । सरकारमार्फत सेनाले सात मित्रराष्ट्रसँग युवा विद्यार्थीको अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गर्दै आएको जनाइएको छ ।

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०३/१४

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **१५ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **१६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः शिवगञ्ज**<br>**ऋणीः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७७/०८/१८ मा प्रा.फ.र.न. ८९७/१४७५७ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला शिवसताक्षी न.पा.वडा नं. ०६ शिवगञ्ज भई हाल सोही स्थानमा अवस्थित, दिप फर्निसिङग सेन्टरका तर्फबाट ऐ. का प्रोपाइटर बर्ष ४३ की **रुपा देवी राजवंशी** | **व्यावसायिक चालुपुर्जी कर्जा र** | राकेश राजवंशीको नाममा मा.पो.का. दमकमा दर्ता कायम रहेको झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १७८६ र १८८३ को क्षेत्रफल क्रमशः ०–३–२, (१०४९.७८ ब.मि) (०–४–०, (१३५४.५२ ब.मि) र शिवगंज गा.वि.स. वडा नं. ३ स्थित कि.न. २९५० र २९४८को क्षेत्रफल क्रमशः०–०–१५, (२५३.९५ब.मि) र ०–०–१५ (२५३.९५ब.मि) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य विभाग, घरेलू तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०७३/०५/२१ मा प्रा.फ.र.न. १६७/९३२/१२७९९ अन्तरगत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला पाचगाछी गा.वि.स.वडा नं. ८ भई हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ०६ शिवगञ्ज स्थित दिप फर्निचर उद्योगका तर्फबाट ऐ. का प्रोपाइटर बर्ष ४३ को **श्री राकेश राजवंशी** | **व्यावसायिक आवधिक कर्जा** | |

**व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण**

| | |
|---|---|
| नाम :राकेश राजवंशी<br>बाबु : भगत लाल राजवंशी<br>बाजे : मदन राजवंशी<br>ना.प्र.नं : ०४१०१०/२५१५(२०६८/०१/०७ झापा)<br>जारी मितीः २०६८/०१/०७<br>ठेगाना : शनिश्चरे गा.बि.स. वडा नं ०६,<br>झापास्थायी ठेगाना भई हाल शिवसताक्षी न.पा वडा नं ०५, झापा | नाम :.रुपा देवि राजवंशी<br>बाबु : भगत लाल राजवंशी<br>पती : राकेश राजवंशी<br>ना.प्र.नं : ८५२४१७६५(२०५९/०१/२२ झापा)<br>जारी मितीः २०५९/०१/२२<br>ठेगाना : शिवगंज गा.बि.स.वडा नं ०६, झापा<br>स्थायी ठेगाना भई हाल शिवसताक्षी न.पा वडा नं ०५, झापा |

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| २ | **शखा कार्यालयः शिवगञ्ज**<br>**ऋणी/धितोजमानीकर्ता** : नेपाल सरकार, उधोग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय, भद्रपुर झापामा मिति २०७२/०२/१२ मा प्रा.फ.नं.घ.उ.विं. ६४२/८२७/११९२२ अन्तर्गत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थित श्री किरण काष्ठ फर्निचर उद्योगको तर्फबाट ऐ. फर्म का प्रोप्राईटर हरिलाल महतोको नाती, नारायण महतोको छोरा, नागरीकता बमोजिम झापा जिल्ला, महाभरा गा.वि.स वडा नं. २ स्थाई ठेगाना भई हाल झापा जिल्ला, गौरिगन्ज गा.पा.वडा नं. १ बस्ने, मिति २०६१/१२/०५ मा जिल्ला प्रशासन कार्यालय झापा बाट जारी गरिएको ना.प्र.नं. ५७०४३५७१ भएको वर्ष ४५ को श्री श्रवण कुमार महतो । | **व्यावसायिक आवधीक कर्जा** | श्री श्रवण कुमार महतोको नाममा भुमिसूधार तथा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. १ स्थित कि.नं. १७५९ को कुल क्षेत्रफल ०-०-१०(बि.क.धू) (अक्षरमा दश धूर) घर जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |

**ब्यक्तिगत जमानीकर्ता :**

नाम :मुन्नी देवी महतो
बाबु : सुर्जा महतो
पती :श्रवण कुमार महतो
ना.प्र.नं :-०४३०३९/४०४
स्थायी ठेगाना :झापा जिल्ला महाभरागा.बि.स. वडा नं २ हालको ठेगाना :झापा जिल्लाशिवसताक्षी न.पा.वडा नं ४ ।

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

**एक्सेल डेभलपमेन्ट बैंक लि.**
Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एसईई उत्तीर्णपछि के पढ्ने ?

**यस वर्षको एसईई परीक्षाको नतिजा प्रकाशित भएको छ । गत चैत १५ गतेदेखि सुरु भएको एसईईमा देशभर नियमिततर्फ ४ लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी भएका थिए।**

**परीक्षामा सहभागी भएका विद्यार्थीमध्ये ४७.८६ प्रतिशत विद्यार्थीमात्रै उत्तीर्ण भएका छन्। ५२.१४ प्रतिशत विद्यार्थीले एनजी अर्थात हाल अनुत्तीर्ण भएका छन्। नियमिततर्फ दुई लाख ४२ हजार ९२ जना विद्यार्थी मात्रै उत्तीर्ण भएका हुन्। ननग्रेडमा २ लाख ४२ हजार ३१३ जना रहेका छन्।**

**एसईईपछिको समय विद्यार्थीका लागि शून्य समय जस्तै बन्छ । अभिभावकलाई पनि एसईईको नतिजापछि छोराछोरीलाई के पढाउने ? कहाँ पढाउने भन्ने चिन्ता हुन्छ ।**

**हरेक अभिभावकको एउटा चाहना हुन्छ– बच्चाहरू धेरै पढून्, डाक्टर, इन्जिनियर, पाइलट... बनून् । विद्यार्थीका लागि एसईई आधार स्तम्भ हो । एसईई पछिको पढाइले नै विद्यार्थीको भविष्य तय गर्छ । एसईईपछिको पढाइले नै विद्यार्थी भविष्यमा के भन्ने विषयको संकेत गर्छ । कतिले ब्रिजकोर्ष पढिरहेका छन् भने कतिले अब के पढ्ने भनेर अभिभावक, साथीभाई तथा अग्रजहरूसँग सल्लाह लिइरहेका छन् । कतिपय आफू अब के विषय पढ्ने भन्ने विषयको दुविधामै छन् ।**

**पछिल्लो समय विद्यार्थीलाई कम उमेरमा नै जागिर पाइने विषय पढ्ने इच्छा हुन्छ । त्यसैले पनि धेरैले प्राविधिक विषय अध्ययन गरेर छोटो समयमै जागिरको जिन्दगी सुरु गर्छन् । विद्यार्थीको रुची, आफ्नो रुची भएको विषयको प्रकृति, गर्नु पर्ने मिहिनेत र खर्च हुने समयका विषयमा पनि अगाडि नै जानकार हुनुपर्छ । विद्यार्थीले आफूले रोजेको विषयको स्कोप कस्तो छ ? त्यसमा आफुले भोलि करिअर बनाउन सकिन्छ कि सकिँदैन भनेर पनि जानकारी राख्नु पर्ने विज्ञहरूको सुझाव छ । यस वर्ष एसईई परीक्षामा उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरुमा उज्ज्वल भविष्यको हार्दिक शुभकामना ।**




# बिदेसिनु बाध्यता कि रहर



• **चम्फासिंह भण्डारी**

युवा बाहिर गए । देशमा बुढाबुढी र बालबालिका मात्रै भए । त्यसैले गाउँघरमा मर्दापर्दा, खेतीकिसानी गर्दा वा अन्य सामाजिक सांस्कृतिक क्रियाकलापमा युवाको उपस्थिति न्यून हुँदै गयो । विद्यालयमा ११/१२ कक्षामा अध्ययन गर्ने विद्यार्थीमध्ये छात्राको संख्या धेरै र छात्रको संख्या थोरै पनि भएको छ । यी समस्याको कारण खोज्ने र समाधान पहिल्याउने कार्य हुन सकेको छैन । सतहमा यसको मुख्य दुइटा कारण सार्वजनिक हुँदै आएका छन् । पहिलो हो, युवामा विदेश मोह बढ्यो, नेपालमा केही हुँदैन, स्वदेशमा बसेर के गर्ने भन्ने मनोविज्ञान ।

दोस्रो, युवाले विदेशमा गएर जोखिमयुक्त श्रम गर्ने रहर होइन, स्वदेशमा रोजगारीका अवसर नभएकाले यो बाध्यता आइलागेको हो । सार्वजनिक हुँदै आएका यी दुई परस्पर विरोधी कारणमा सत्य के हो ? यसको अध्ययन अनुसन्धान गर्ने जिम्मेवारी सरोकारवालाको होइन र !

श्रमका लागि मात्र होइन, अध्ययनका लागि विदेश जाने युवाको सङ्ख्या पनि उल्लेख्य नै छ । अध्ययनका लागि मात्र युवा बिदेसिएका छैनन्, नेपालको अर्बौं रकम पनि विदेश गइरहेको छ । विदेशमा गरेको अध्ययनले युवाको गुणस्तर शतप्रतिशत नै राम्रो भएको छ त ? यसको मापन वा चेकजाँच नेपालको कुन निकायले कसरी गर्दै आएको छ भन्ने कुरा पनि जानकारीमा आउन सकेको छैन ।

अध्ययनका लागि बाहिर गएका युवामा सय जनामा ९० जनाभन्दा बढी कमाउँदै पढ्दै गर्ने हुन् । कामका लागि समय दिनु पर्दा अध्ययनका लागि युवाले कति समय कसरी व्यवस्थापन गरिरहेका छन् ? कसले अनुगमन गर्ने ? अध्ययनका लागि उनीहरूले पर्याप्त समय दिएका छन् ? अनि उनीहरूले प्राप्त गर्नुपर्ने ज्ञान, सिप, क्षमता, धारणा, व्यवहार र विचार निर्माणका लागि त्यो अध्ययन पर्याप्त छ ? जस्ता प्रश्नको जवाफ कसले खोज्ने ? यस्ता प्रश्नको उत्तर अब खोज्नु आवश्यक छ ।

नेपालमा शिक्षित बेरोजगारी बढेको, हातमा प्रमाणपत्र हुने तर बजारमा त्यो बिक्री नहुने वा काम पाउन नसक्ने अवस्थाले युवालाई विदेश जानका लागि बाध्य बनाइरहेको तथ्य एकातिर छ भने अर्कातिर विदेश गएर काम गर्दै अध्ययन गरेर प्राप्त गरेको प्रमाणपत्रको बजार कस्तो छ ? विदेशमा प्राप्त प्रमाणपत्रले युवालाई विदेश वा स्वदेशमा रोजगारी प्राप्त गर्न सहज भएको छ ? छ भने कति जनाले बाहिर गएर अध्ययन पूरा गरे ? तीमध्ये स्वदेश तथा विदेशमा कति जनाले सम्मानित काम पाए र आफ्नो ज्ञान, सिप क्षमताको प्रयोग गरे वा गरिरहेका छन् ? यस्ता प्रश्नको पनि अब लेखाजोखा राख्नु पर्छ । युवालाई नेपालमै श्रम गरेर बस्ने वातावरण कसरी निर्माण गर्न सकिन्छ ? हाम्रा प्रयास कस्ता छन् ? के के कुरामा हामीले नीतिगत सुधार गरेका छौं, कुन कुन ठाउँमा रोजगारीका अवसर सिर्जना गरिरहेका छौं ? कामका लागि दरखास्त माग गर्दा कुन कुन ठाउँमा दरखास्त दिन युवा आएनन् ? माग गरिएको संख्या अनुसार पनि दरखास्त नपुग्ने अवस्था कहाँ कहाँ आयो ? यस्ता जानकारी पनि सुन्नमा आएको छैन ।

सरकारी सेवामा थोरै संख्यामा कर्मचारी माग गर्दा हजारौं युवा लाइनमा खडा भएका तस्बिर सार्वजनिक हुँदै आएका छन् । नेपालमै भएका वा नेपालमै रहेका युवाको व्यवस्थापनको योजना बनाएर तिनलाई रोजगारी सिर्जना गरौं । यो नै पहिलो काम हुनु पर्छ । नेपालमै रहेका युवालाई स्वरोजगार बनाउन सक्यौं भने मात्र विदेश जाने युवाको संख्या क्रमशः घट्दै जाने छ र सरकारले युवाका लागि योजनाबद्ध कामको थालनी गरेको विश्वास पनि युवामा क्रमशः बढ्दै जाने छ ।

युवा विदेश गएको चिन्ता गरिन्छ तर विदेश गएका युवाले पठाएको विप्रेषणले मुलुकको अर्थतन्त्रलाई पनि सघाइरहेको अवस्था छ । यस अवस्थालाई परिवर्तन गर्दै सबैभन्दा पहिले युवाका लागि रोजगारी सिर्जना गर्नु पर्छ । वैदेशिक रोजगारीमा गएका युवाले पठाएको विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने नीति, कानुन तथा वातावरण निर्माण गर्नु पर्छ । अनि विदेशमा सिकेको ज्ञान, सिप, क्षमता र स्रोतसाधनलाई नेपालमै बसेर योगदान गर्ने विश्वास निर्माण हुँदै जान्छ । युवा स्वदेशमै बस्ने वातावरण बन्छ ।

यहाँ केही हुँदैन ? यहाँ बसेर के गर्ने ? बाहिर जान रहर होइन, बाध्यता हो भन्ने मनोविज्ञानमा अब परिवर्तन ल्याउनु पर्छ । यसका लागि छलफल गर्नु पर्छ । एसइईलगत्तै सोही परीक्षाको प्रवेशपत्रको आधारमा अनिवार्य आधारभूत सुरक्षा तालिमको व्यवस्थापनका लागि कति खर्च लाग्छ ? त्यो खर्च कहाँ कहाँबाट प्राप्त गर्न सकिन्छ ? आवश्यक बजेट र कार्ययोजनासहित तालिम सञ्चालन गर्नु पर्छ । यसरी वार्षिक रूपमा तीन लाखदेखि पाँच लाख युवालाई आआफ्नै स्थानीय तहमा आधारभूत तालिम सञ्चालन गर्नु पर्छ । तालिम प्राप्त युवामध्ये नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका लागि आवश्यक जनशक्ति पनि छनोट गर्न सकिन्छ ।

अन्य तालिम प्राप्त युवालाई स्थानीय तहमा गाउँ तथा नगरप्रहरीका रूपमा, विपत् व्यवस्थापन टोली, टोल सुधार सहजकर्ता र सामुदायिक तथा निजी विद्यालयमा स्वयंसेवक, राष्ट्रिय गौरवका आयोजनाको सुरक्षा र अनुगमन, सडकमा ट्राफिक व्यवस्थापनलगायत सामुदायिक वन, राष्ट्रिय वन रक्षकका रूपमा काम लगाउन सकिन्छ । यसले एकातिर युवालाई निराशाबाट बाहिर ल्याउन योगदान गर्ने छ भने देश र जनताप्रति माया, ममता बढाउँदै एउटा असल अनुशासित नागरिकका रूपमा केही न केही गरेर खान सक्ने नागरिकका रूपमा स्थापित गराउँछ । तालिमले शारीरिक मात्रै होइन, मानसिक स्वास्थ्य पनि ठिक राख्न मद्दत गर्छ । साथै, युवाले गर्न सक्ने कामका क्षेत्र के के हुन ? स्थानीय ज्ञान, सिप, क्षमता र स्रोत परिचालनसम्बन्धी सिप तथा खेलकुद, कला, साहित्य, संस्कृतिसम्बन्धी विषयमा छलफल गर्न सघाउँछ ।

आधारभूत सुरक्षा तालिम प्राप्त युवालाई दुर्व्यसनीबाट मुक्त भई स्वस्थ, तन्दुरुस्त नागरिकका रूपमा जीवन बिताउन ठुलो योगदान गर्ने छ । यो कामका लागि स्रोत कसरी सिर्जना गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ तर राज्यले साँच्चै चाहेमा स्रोतको खोजी गर्न सकिन्छ । यसका लागि बजेटमै केही प्रतिशत रकम छुट्ट्याउन सकिन्छ । प्रदेश तथा स्थानीय तहमा क्षमता विकासका लागि तय गरिएका विभिन्न तालिमका लागि विनियोजित रकमको केही प्रतिशत रकम खर्च गर्न सकिन्छ । युवा व्यवस्थापनका लागि यो कोसेढुङ्गा नै हुन सक्छ ।

रोजगारीका अवसर सिर्जना गरी युवालाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वासको वातावरण तयार गर्नु पर्छ । यसले युवा आफ्नो श्रमसिप, क्षमताको प्रयोग स्वदेशमै लगाउन दत्तचित्त हुन्छन् । अनि मुलुक समृद्ध र सुखी बन्न सक्छ । यसका लागि योजनाबद्ध कामको थालनी भने हुनु पर्छ । खेलकुद क्षेत्रलाई पनि क्रमशः विकसित बनाउँदै लैजानु पर्छ । गरेर सिक्ने शिक्षा प्रणालीलाई व्यवस्थित बनाउँदै शिक्षा प्रणालीलाई श्रम र सिपसँग जोड्दै जीवन उपयोगी शिक्षा प्रणालीमा जानु पर्छ । यस्ता विषयमा राष्ट्रव्यापी बहसको थालनी हुनु पर्छ ।

# ग्रामीण विकासको कृषि मोडेल



• **वामदेव क्षेत्री घिमिरे**

नेपालको अधिकांश बसोबास र आर्थिक मेरुदण्ड ग्रामीण क्षेत्र नै हो । भूराजनीतिक अवस्थिति, आर्थिक स्रोत र सम्भाव्यताको दृष्टिकोणले पनि ग्रामीण क्षेत्र महत्वपूर्ण छ । मौलिकतामा आधारित कृषि क्षेत्रको विकास नगरी देशको विकास पनि हुँदैन । हामीले लक्ष्य निर्धारण गर्नु पर्छ । हामी ग्रामीण क्षेत्रबाट सहरमा बसाइ सरेका छौं, कतिपय सहर र ग्रामीण क्षेत्रबाट विदेश गएर पनि बसेका छौं । जहाँ बसेका छौं त्यहाँको नागरिकता पाउनुमा आफूलाई गर्व गर्छौं । हामीसँग भएको ज्ञान, सिप, अनुभव र पुँजी ग्रामीण क्षेत्रमा भित्र्याएर कृषि तथा अन्य क्षेत्रमा विकास गर्ने लक्ष्य निर्धारण गर्न सकेका छैनौं । विदेशमा बसेर, सहर पसेर, नेताहरूलाई गाली गरेर ग्रामीण क्षेत्र वा देश बन्दैन ।

अहिले अनुभूति भएकै होला ‘कोरोना (कोभिड-१९)’ महामारीका कारण नेपालीलाई आफ्नो देश किन प्यारो भयो ? विदेशले आफ्नै देशमा जाउँ भनेर किन अपमान गरिरहेका छन्, अब पनि हामीले नचेत्ने कहिले चेत्ने ? हामी प्रकृतिका धनी छौं, हामीले विदेशमा परिश्रम गरे भैँ स्वदेशी माटोमा समय प्रयास, पुँजी र प्रविधि लगानी गरेमा के हुँदैन नेपालमा ? मुख्यतः ग्रामीण क्षेत्रमा कृषि नै हो, कृषिबाट हुने सहउत्पादन हो । हामीले जीवन जिउने बाध्यता भन्दै जीविकाका निम्ति आफ्ना सन्तानलाई रगत र पसिना बगाउन विदेशमा बेच्न बाध्य नबनाऔं ।

विसं २०७२ मा बनेको भूउपयोग नीति अनुसार भूमिको वर्गीकरण गरिएको छ । कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, सांस्कृतिक तथा पुरातात्त्विक, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र भनेर वर्गीकरण गरेका छौं । त्यसको कार्यान्वयनमा चासो नदिँदा खेतीयोग्य जमिन प्लटिङमा सकिएको छ । खेतीयोग्य ग्रामीण क्षेत्रको जमिन खाली भएको छ, ग्रामीण क्षेत्रको बिचबिचमा उद्योग सञ्चालनमा छन् । सरकारले छुट्ट्याएको आवास क्षेत्रमा कसैको बसोबास छैन । राज्यले जग्गाको वर्गीकरण गर्दा लालपुर्जामा नै आवास क्षेत्र भनेर लेखिदिने हो भने केही हदसम्म ग्रामीण क्षेत्रको भूगोल उपयोग गर्ने र खेतीयोग्य जमिनमा आवास बनाउन, उद्योग लगाउन रोक लगाउन सकिन्थ्यो । एउटा प्रयोजनका लागि छुट्ट्याएको जमिनमा अर्को प्रयोजन गर्न पूर्ण वर्जित हुन नितान्त जरुरी छ ।

### जमिनको वर्गीकरण र चाक्लाबन्दी

हामीले अहिलेसम्म व्यावसायिक खेती नै गरेका छैनौं । अब गर्ने खेतीले ग्रामीण आर्थिक क्रियाकलापमा प्रत्यक्ष योगदान पुऱ्याउनु पर्छ । निर्वाहमुखी कृषि प्रणालीबाट माथि उठेर आधुनिक प्रविधिमा आधारित व्यावसायिक एवं बृहत कृषि एवं पशुपालन फर्मिङमार्फत ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप गर्नु पर्छ । व्यावसायिक फार्मिङको निमित्त प्रथम सार्वजनिक मुख्य राज्यको मातहत रहेका रुख वृक्ष नभएको वनको खाली मैदान, निजी रूपमा रहेको जमिन लिजमा लिएर र सेयर प्रणालीबाट टुक्राटुक्रामा रहेको जमिन एकीकृत गरी चाक्लाबन्दी गर्न जरुरी छ । चाक्लाबन्दी प्रक्रियासँगै विद्यमान जग्गाको अनुपात र स्वामित्व, उत्पादकत्वका आधारमा सेयर स्वामित्व सिर्जना गर्नु पर्छ । नेपालीको संस्कार सामूहिक चाक्लाबन्दीमा काम गर्ने छैन । हरेक टुक्रामा रहेको जमिनलाई उत्पादकत्व र आर्थिक क्रियाकलापका आधारमा मूल्याङ्कन गरी एकीकरण गर्ने, हरेक चक्लालाई सेयरको अंश मानेर कति अनुपातमा जमिन छ, त्यहीँ अनुपातमा मालिक कायम गरी चाक्लाबन्दी सेयर अंश प्रदान गर्ने व्यवस्थापन गर्न सकिन्छ ।

### ग्रामीण क्षेत्रमा एकीकृत कृषि र बस्ती

चीन, जापान, इजरायल जो कृषि उत्पादनमा क्रियाशील छन्, उनीहरूले यो विधि प्रयोग गरेका छन् । ग्रामीण बस्तीलाई एकीकृत बनाउन ठुलाठुला सहर राज्यको निर्माणमा सहयोग भए पनि ग्रामीण क्षेत्रका साना साना सहर जनताको मेहनतले निर्माण भएका छन् । त्यहाँ स्कुल, यातायात, बिजुली, पानी, स्वास्थ्य सहरकेन्द्रित छ भने टाढाटाढा एक्लाएक्लै बनाएका बस्तीमा त्यो सुविधा छैन । हो, राज्यलाई एउटा मौका थियो, महाविपत्ति भूकम्पबाट क्षति भए पनि एकीकृत बस्ती र सामूहिक खेती प्रणालीको योजना बनाउनुपर्ने थियो, राज्य त्यहाँनेर चुकेको छ । अहिले ग्रामीण क्षेत्रमा शिक्षित युवा विदेशबाट आएर बाख्रापालन, बङ्गुरपालन, कुखुरापालन, तरकारी खेती, सजीवन खेती, जडीबुटी खेती, माछापालन गर्न थालेका छन्, त्यो सकारात्मक सङ्केत हो ।

अहिले ‘कोरोना (कोभिड-१९)’ को महामारीबाट लाखौं बेरोजगार युवा स्वदेश फर्किँदै छन् । उनीहरूका लागि टुक्रे योजना होइन, रोजगार सिर्जना गर्न ग्रामीण क्षेत्रमा बृहत् योजना र कृषिसँग जोडिएका ठुला फर्म र कम्पनी निर्माणको आवश्यकता छ । हामीले बेरोजगारलाई रोजगार दिने, कृषकको आयस्तर उकास्दै, राष्ट्रिय अर्थतन्त्रलाई माथि लैजाने किसिमका योजना बनाउन आवश्यक छ । गाउँपालिका/नगरपालिकामा आउने बजेट र ग्रामीण क्षेत्रमा कृषि पढेका युवालाई प्राथमिकता दिएर हामीले पाँच वर्षमा दुई अङ्कको जिडिपी बनाउने लक्ष्य राख्नु पर्छ । कृषिबाट उत्पादित वस्तुबाट हामीले घरेलु तथा साना उद्योग पनि ग्रामीण क्षेत्रमै सञ्चालन गर्न सक्छौं । गाउँमै सहरी सुविधा पुगेपछि कृषिमा निर्भर जनसंख्या ग्रामीण क्षेत्रमा फर्कने अवस्था आएपछि कृषिकर्मले फेरि चोला फेर्न सक्छ । मुलुकको उन्नति पनि यसैबाट हुन्छ ।

### ग्रामीण क्षेत्रमा कृषिमा श्रमिकको समस्या

सरकारको अनुमान अनुसार हालसम्म हाराहारी पाँच लाख जति श्रमिक बजारमा आउँछन् । त्यसमध्ये ८० प्रतिशत श्रमिक वैदेशिक रोजगारीमा गएको पाइन्छ । ग्रामीण क्षेत्र पूरै खाली नै छ । माध्यमिक शिक्षा पढेपछि सहर पस्ने वा विदेश जाने चलनले ग्रामीण क्षेत्रमा कृषि श्रमिकको अभाव छ । त्यसैले खेतीयोग्य जमिन बाँझै भएर जङ्गलमा परिणत भएको छ । व्यवस्थित श्रम बजार, मागमा व्यवस्थापन नहुँदा स्वदेशमै काम पाइने स्थितिमा पनि युवा बिदेसिएको अवस्था हो । अर्को ठुलो समस्या भनेको अर्धबेरोजगारी पनि हो । थोरै जमिन छ एक दुई दिन काम गरेर सकिन्छ बाँकी समय खाली रहँदा मुख्यतः सुदूरपश्चिमका युवकयुवती मौसमी खेती कामका लागि लाखौंको संख्यामा हिमाञ्चल प्रदेश गढवाल, कुमाऊ भारतको अन्यत्र क्षेत्रमा सामान्य कामको खोजीमा जाने गरेका छन् ।

राज्यको कुनै पनि तहमा तिनीहरूको रेकर्ड छैन । अर्को सरकारीस्तरबाट नै वैदेशिक रोजगारलाई प्रोत्साहन र प्रवर्धन गरिएकाले पनि नेपालमा श्रम अभाव हुन थालेको हो । यसको समाधानका उपाय राज्यले नै खोज्नु पर्छ । ग्रामीण क्षेत्रको कृषिको उत्पादकत्व बढाउन आधुनिकीकरण गर्ने र ग्रामीण क्षेत्रका युवालाई देशभित्रै कृषि व्यवसायी वा अन्य रोजगारको व्यवस्था मिलाउने दायित्व राज्यको हो । कृषि श्रमिकको अभाव, मल र बीउको सहुलियत राज्यबाट नहुने, सबैले खेती गर्न छोडेपछि खेतबारी जङ्गलमा रूपान्तरण हुने, केही कृषकले खेती गरे पनि जङ्गली जनावर बाँदर, भालु, बँदेल, दुम्सी, अर्ना, हात्तीबाट बाली जोगाउन समस्या भएकाले पनि ग्रामीण क्षेत्रका किसान कृषि कर्मबाट अलग हुँदै छन् । राज्यले यसको समाधानका उपाय खोज्नु पर्छ ।

### ग्रामीण कृषिमा वित्तीय संस्था

ग्रामीण क्षेत्रमा जहाँ किसानको बसोबास छ, त्यहाँ वित्तीय पहुँच पुग्न सकेको छैन । नेपालमा ३१ वटा वाणिज्य बैङ्क छन् र तीन वटा सरकारको सेयर रहेका नेपाल बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क र कृषि विकास बैङ्क छन् । सरकारले कृषकलाई पाँच प्रतिशत प्रतिशतसम्म सहुलियत ऋण दिने व्यवस्था गऱ्यो । त्यसको अनुगमन कसले गऱ्यो । कृषकलाई यति ऋण दियो भनेर डाटा प्रस्तुत गर्नेमा विश्वास गरियो । यी सरकारी तीन वटा बैङ्क सहरकेन्द्रित छन् । बढी भए जिल्लाको सदरमुकामसम्म पुगेका छन् । राष्ट्रिय वाणिज्य बैङ्कले त ग्रामीण क्षेत्रको धितो पनि लिँदैन । के यस्तो व्यवस्थाले ग्रामीण क्षेत्रका कृषकमा वित्तीय पहुँच हुन्छ ? त्यहाँ लघुवित्तीय संस्था र सहकारी छन् । जसले किसानबाट १८ प्रतिशत प्रतिशतसम्म ब्याज असुली गर्छन् । राज्य यसबाट बेखबर छ । यिनै लघुवित्तीय संस्थाले ऋण उपलब्ध गराए पनि ज्यादै चर्को ब्याज लिने गरेकाले सानो स्केलमा कम नाफा हुने कृषि पेसामा किसान मर्कामा परेका छन् । यसमा राज्यको ध्यान जानु पर्छ ।

### ग्रामीण कृषि र स्थानीय निकाय

गाउँपालिका, नगरपालिका र सरकारका अन्य निकायलाई आफ्नो क्षेत्रमा कति जमिन बाँझो जमिन छ, के कस्ता उत्पादन हुन सक्छ, खेतीयोग्य जमिन कति छ, पशुपालन, खाद्यान्न फलफूल खेतीको सम्भावना के छ भन्ने जानकारी हुनु पर्छ । सरकारको अनुदानको अलावा कुन वित्तीय संस्थाबाट ऋण लिएका छन्, उनीहरूको भूमिका ब्याजदर के छ, राज्यले मुख्यतः स्थानीय निकायले ग्रामीण कृषिका लागि के गर्न सक्छ आदिबारे गहिरो अध्ययन अनुसन्धान गरी योजना बनाउनु पर्छ । संघ, प्रदेशलाई तलको भूगोलबारे थाहा हुँदैन, स्थानीय निकायले ग्रामीण कृषिका लागि उपल्लो निकायलाई घच्घचाउनु पर्छ । ग्रामीण कृषिको विकास आफ्नै गाउँघरबाट थालनी गरौं ।

स्थानीय तहको सानो प्रयासले भावी सन्ततिको भाग्य चम्किन्छ भने त्यसतर्फ आजै किन नलाग्ने ? स्थानीय निकायले लाभका क्षेत्र पहिचान गर्नु पर्छ । कृषियोग्य भूमिमा प्लटिङ रोक्ने, भूमि बैङ्क र कृषि बैङ्कको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्नेबारे स्थानीय निकायले विज्ञहरूसँग सल्लाह लिने, वित्तीय व्यवस्थापन मिलाउने, युवालाई आह्वान गर्ने, तालिमको व्यवस्थापन गर्ने र योजना बनाउने हो भने ग्रामीण क्षेत्रको विकास असम्भव छैन । त्यसका लीगि तन, मन, धन, समय र प्रविधिको प्रयोग गरी दूरदृष्टि राखेर काम गर्नु आवश्यक छ । साधन र स्रोत भएर मात्र हुँदैन त्यसको प्रयोग कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसमा स्थानीय तह बढी जिम्मेवार बन्नु पर्छ । बोलेर होइन, व्यवहारबाटै विकासको रेखा कोर्न अब ढिला गर्नु हुन्न ।

# आठ सय रोपनीमा बहुबर्षे नगदे बिरुवा लगाइँदै

झापा(प्रस) । चिचिला गाउँपालिकाबाट गत वर्षसम्म नै कृषकको मागबमोजिम कागती, सुन्तला, एभोकाडोलगायतका बिरुवा बाँडियो । रोजगार सेवा केन्द्रमार्फत बेरोजगार सूचीमा रहेकालाई बर्सेनि न्यूनतम एक सय दिनसम्म रोजगारीसमेत दिइयो । बर्षैपिच्छे लाखौँ रुपियाँ लगानीबाट न कृषकको आयस्तर वृद्धि भयो न त दीर्घकालीन रोजगारी नै प्राप्त भयो । यसरी गरिएको लगानी उपलब्धिमूलक नदेखिएपछि गाउँपालिकाले यस वर्ष बृहत् कृषि कार्यक्रम सुरु गरेको छ । स्थानीय सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम र कृषकको त्रिपक्षीय लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न लागेको हो । यसका लागि गाउँपालिकाले एक कार्यविधि निर्माण गरी कार्यक्रम सुरु गरेको हो ।

यस कार्यक्रममार्फत गाउँपालिकाका पाँचमध्ये चार वटा वडामा ८०६ रोपनी क्षेत्रफल जग्गामा ४८ हजार छ बोट बहुबर्षे नगदे बिरुवा लगाउन लागेको हो । यस कार्यक्रममा कृषि समूह, कृषि फार्म, कृषि सहकारी र टोल विकास संस्थाहरूको सहभागिता छ । यस कार्यक्रमका लागि न्यूनतम एक सय रोपनी जग्गाबाट खेती सुरु गर्नुपर्ने छ । कृषकले सिमाना मिल्ने जग्गालाई गाभेर (चक्लाबन्दी) एउटा बगान बनाई खेती लगाउनुपर्ने हुन्छ । सो अनुसार वडा नम्बर १ मा १३० रोपनी क्षेत्रफलमा बिरुवा लगाउन लागिएको हो ।

त्यस्तै वडा नम्बर २ मा दुई समूहले २३९ रोपनी क्षेत्रफलमा बिरुवा लगाउन लागेका छन् । वडा नम्बर ४ मा पनि दुई समूहले २७३ रोपनी क्षेत्रफलमा बिरुवा लगाउन लागेका छन् । वडा नम्बर ५ मा पनि दुई समूहले २०७ रोपनी क्षेत्रफलमा बिरुवा लगाउन लागेका छन् ।
उक्त जग्गामा कृषकले सुन्तला, कागती, कफी र एभोकाडोको अनुमानित ४८ हजार बिरुवा लगाउन लागेको हो । यो संख्या जग्गाको क्षेत्रफल र बिरुवा रोप्ने दुरीका आधारमा अनुमान गरिएको भए पनि भिरालो जमिन भएकाले यो संख्या केही घट्न सक्ने चिचिला गाउँपालिकाका कृषि प्रसार अधिकृत सन्तोष खड्काले जानकारी दिए । अहिले बिरुवा रोप्नका लागि खाल्डो खन्ने काम भइरहेको र खनिसकेपछि मात्र बिरुवाको यकिन संख्या आउने उनले स्पष्ट पारे ।
यस कार्यक्रमका लागि प्रत्येक बगानमा एक कृषि प्राविधिक खटाइएको गाउँपालिकाका अध्यक्ष पासाङ नुर्बु शेर्पाले जानकारी दिए । प्राविधिकको परामर्श अनुसार हावापानी, उचाइ र माटो परीक्षण गरी बिरुवा लगाइने छ । कृषकले बिरुवा रोप्न चाहेको जग्गामा उचित हुने वा नहुने, कृषि प्राविधिकको अध्ययनपछि मात्र गाउँपालिकाले सिफारिस गर्ने पालिका अध्यक्ष शेर्पाले जानकारी दिए ।
यस कार्यक्रमको कार्यविधि अनुसार त्रिपक्षीय साझेदारी कार्यक्रम अन्तर्गत बाँझो भएको जग्गाको झाडी फँडानी र बिरुवा रोप्नका लागि आवश्यक खाल्डो खन्ने काम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट गरिने छ । बिरुवा खरिदमा गाउँपालिकाले कृषकलाई ५० प्रतिशत अनुदान दिने छ । मलको व्यवस्थापन र बाँकी ५० प्रतिशत बिरुवाको लागत कृषकले बेहोर्नुपर्ने छ भने सिँचाइमा पनि गाउँपालिकाले सहयोग गर्ने छ ।
यसरी अहिले गरिएको लगानीबाट तीनदेखि पाँच वर्षबाट आम्दानी लिन थाल्ने गाउँपालिकाको दाबी छ । उत्पादन एकै ठाउँमा भएकाले व्यापारी बगानसम्म नै पुग्ने र नपुगे पनि गाउँपालिका आफैँले बजार व्यवस्थापन गरिदिने गाउँपालिकाको योजना रहेको आर्थिक विकास समिति संयोजक तथा वडा नं. १ का अध्यक्ष पूर्णकुमार राईले जानकारी दिए । उनका अनुसार केही वर्षबाट हुने उत्पादन भण्डारण तथा व्यवस्थापनका लागि उत्तर दक्षिण कोशी राजमार्गमा पर्ने पालिकाको केन्द्र चिचिलामा एक भण्डारणगृह निर्माण गर्न सुरु गरिसकेको छ ।

# यस वर्ष धान दिवस चितवनमा मनाइने

झापा(प्रस) ।२१ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८१ चितवनमा मनाइने भएको छ । २१ औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव २०८१ मूल समारोह समितिले बिहीबार ललितपुरमा पत्रकार सम्मेलन गर्दै जलवायु मैत्री कृषि,धान उत्पादनमा वृद्धि नाराका साथ असार १५ गते चितवनको बछौलीमा प्रधानमन्त्रीको उपस्थितिमा धान दिवस मनाउने जानकारी दिएको हो ।



त्यसअघि असार १४ गते नार्क परिसर खुमलटारमा धान विशेष अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको कृषि विभागका महानिर्देशक नरहरिप्रसाद घिमिरेले जानकारी दिए।
उनले जलवायु परिवर्तनका कारण धान खेतीमा बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु अनुकूलित प्रविधिहरूको अनुसन्धान र विकास एवं उपब्ध प्रविधिहरुको प्रचार प्रसार गरि सम्बद्ध पक्षलाई जागरुक बनाइ धान उत्पादन बनाउनुपर्ने सन्देश यस वर्षको नाराले दिएको धारणा राखे ।

घिमिरेले अहिलेसम्म देशभर औसत कूल ९.८ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको बताए। उनले देशभर करिब १४ लाख हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको जानकारी दिए।

# मोरङमा सर्पले डसेर महिलाको मृत्यु

झापा(प्रस) । मोरङको रंगेली नगरपालिका-८ खयरबारीमा विषालु सर्पले डसेर महिलाको मृत्यु भएको छ। प्रहरीका अनुसार रंगेली-८ की ५७ वर्षीया कलादेवी ऋषिदेवको मृत्यु भएको हो।
आफ्नै घरमा सुतिरहेका बेला ऋषिदेवलाई बुधबार राति १२ बजेतिर सर्पले डसेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए।



उनका अनुसार कुन प्रजातिको सर्पले टोकेको हो भन्ने यकिन भएको छैन। सर्पले डस्नसाथ परिवारका सदस्यले ऋषिदेवलाई उपचारका लागि भारततर्फ लगेका थिए। उपचारका लागि लैजाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ। त्यसपछि शवलाई फर्काएर घरमै ल्याइएको थियो। प्रहरीले घटनाका बारेमा बिहीबार बिहान साढे ६ बजेतिर जानकारी पाएको थियो। घटनाको अनुसन्धान भइरहेको डीएसपी बस्नेतले बताए।

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैंतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०३/१४

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्‌कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | कर्जा शिर्षक | धितो सुरक्षणको विवरण |
|---|---|---|---|
| १ | **शखा कार्यालयः चारआली**<br>**ऋणीः** धाम प्रसाद अर्याल को नाति खड्ग प्रसाद अर्याल को छोरा, नागरिकता वमोजिम झापा जिल्ला शान्तिनगर गा.वि.स., वडा नं. ६,स्थायी ठेगाना भै हाल झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने मिति २०५९/०७/२९ मा जिल्ला प्रशासन कार्यालय,झापा बाट जारी गरिएको ना.प्र.प.नं. ८५७११४७० भएको बर्ष ३९ को श्री **हरि प्रसाद अर्याल** । | **व्यक्तिगत ओ भरड्राफ्ट कर्जा** | हरि प्रसाद अर्याल को नाममा भूमि सुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, बुधबारे गा.वि.स, वडा नं. ८ स्थित कि.नं. २२३७ को क्षेत्रफल ०-१-८ (वि.क.धु) र कि.नं. २२४० को क्षेत्रफल ०-३-१२ (वि.क.धु) भएको ,जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |

**ब्यक्तिगत जमानीकर्ता**

| | | |
|---|---|---|
| नाम :- सृजना खड्का<br>बाबू :- हेम बहादुर खड्का<br>पति :- हरि प्रसाद अर्याल<br>ना.प्र.नं : ०४१००९/७३६<br>ठेगाना :- झापा जिल्ला खुदुनावारी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने । | नाम :- खड्ग प्रसाद अर्याल<br>बाबू :- धाम प्रसाद अर्याल<br>बाजे :- नन्दिकिशोर अर्याल<br>ना.प्र.नं : ०३ ७७८३/५५३<br>ठेगाना :- इलाम जिल्ला कोल्बुङ्ग गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने । | नाम :- नारदा देवी अर्याल<br>बाबू :- पदम प्रसाद निरौंला<br>पति :- खड्ग प्रसाद अर्याल<br>ना.प्र.नं : १०६५६/१९७९<br>ठेगाना :- इलाम जिल्ला कोल्बुङ्ग गाउपञ्चायत, वडा नं. १ स्थायी ठेगाना भै झापा जिल्ला बुद्धशान्ति गा.पा, वडा नं. ७, सुनमाइ बस्ने । |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।


प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने